# चौतारा साँगाचोकगढी नगरपालिकाको सातौं नगरसभामा प्रस्तुत विधेयक तथा कार्यक्रम संसोधन एवं रकमान्तर सम्बन्धी प्रस्ताव

**नगर सभाका अध्यक्ष तथा नगर प्रमुखज्यू,**
**नगर सभामा उपस्थित कार्यपालिका सदस्यज्यूहरु तथा नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु,**
**सभा सचिव तथा प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**नगर सल्लाहाकारज्यू,**
**नगरका सबै शाखा प्रमुख लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारी साथीहरु,**
**पत्रकारज्यूहरु र उपस्थित सम्पूर्ण महानुभावहरु ।**

चौतारा साँगाचोकगढी नगरपालिकाको विधेयक अधिवेशनको रुपमा सातौं नगर सभालाई सम्बोधन गर्न पाउँदा मैले गौरवान्वित महशुस गरेको छु । नगरसभाको यो गरिमामय वैठकमा उपस्थित यहाँहरु सबैमा नगरको तर्फबाट न्यानो स्वागत एवं हार्दिक अभिवादन व्यक्त गर्दछु ।

आजको यो सभामा सर्व प्रथम जनयुद्ध, जनआन्दोलन लगायत नेपालमा प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र तथा जनताको अधिकारको लागि जीवन उत्सर्ग गर्ने सम्पूर्ण महान शहिदहरु प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु । सम्पूर्ण वेपत्ता योद्धाहरु प्रति उच्च सम्मान व्यक्त गर्दै घाइते योद्धाहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । नेपाल र नेपाली नागरिकहरुका लागि सार्वभौम अधिकार प्राप्त गर्नमा आफुलाई सदैव देशभक्तिको भावनाबाट अभिप्रेरित गराई विभिन्न दुःख कस्ट सहेर मुलुकका लागि सर्मपित हुनु भएका शहिद परिवार, लोकतान्त्रिक आन्दोलनको अगुवाई गर्ने अग्रजहरु, नगरको **सर्वाङ्गीण** विकास तथा सुशासन कायम गर्नमा सक्रिय सहभागिता जनाउनु हुने आदरणीय नगरवासीहरु र नगरको  विकास एवं सम्वृद्धिका लागि  सहयोग गर्नुहुने संघ, सस्था, विकास साझेदार तथा सम्पूर्ण महानुभावहरुमा हृदय देखि आभार व्यक्त गर्दछु ।

नेपालको संविधान, २०७२ जारी भएपछिको संघीय संरचना अनुसार जनताको नजिक रहेको स्थानीय सरकारले २ आर्थिक वर्ष सम्पन्न गरेर तेस्रो आर्थिक वर्षको प्रथम ६ महिना समेत पुरा गरेको सन्दर्भमा हाम्रा लागि पनि नयाँ अभ्यास भएको कारणबाट नगरको तर्फबाट यथासम्भव जन अपेक्षा अनुरुप कार्यक्रमहरु कार्यान्वयन गरिँदै आएको व्यहोरा यस गरिमामय सभामा जानकारी गराउन चाहन्छु । जन अपेक्षालाई सर्वपरि ठानी विकास निर्माण तथा सुशासन कायम गर्न नगरपालिका सदैव प्रयत्नशील हुँदै आएको भए पनि नगर बासीका सबै आवश्यकताहरु पुरा गर्न कठिनाई भएको व्यहोरा हामी सबैलाई अवगत नै छ । नगरलाई प्राप्त सिमित स्रोत र साधनलाई प्राथमिकताका आधारमा बजेट विनियोजन गरी कार्यक्रम संचालन गरिँदै आइरहेकोमा आगामी दिनमा आर्थिक रुपले विपन्न तथा विकास पूर्वाधारबाट पछाडी परेका नगरका क्षेत्रहरुलाई उच्च प्राथमिकता दिई कार्यक्रम संचालन गर्न आवश्यक रहेको व्यहोरा यस गरिमामय सभामा व्यक्त गर्न चाहन्छु ।

अब म यस गरिमामय सभामा केहि विधेयकहरु र तथा चालु आ.व. को बजेट तथा कार्यक्रमको संसोधन तथा रकमान्तरको प्रस्ताव पेश गर्ने अनुमति चाहन्छु ।

क. चौतारा साँगाचोकगढी नगरपालिकाको सहकारी ऐन २०७४ लाई संसोधन गर्न चौतारा साँगाचोकगढी नगरपालिकाको सहकारी (प्रथम संसोधन) विधेयक २०७६ सभा समक्ष छलफल तथा स्वीकृतीका लागि पेश गर्दछु ।

ख. चौतारा साँगाचोकगढी नगरपालिकाको आर्थिक ऐन २०७६ लाई संसोधन गर्न चौतारा साँगाचोकगढी नगरपालिकाको आर्थिक (प्रथम संसोधन) विधेयक २०७६ यस सभा समक्ष छलफल तथा स्वीकृतीका लागि पेश गर्दछु ।

ग. चालु आ.व. २०७६/०७७ को बजेट नीति तथा कार्यक्रमको स्वीकृती अघिल्लो आ.व. २०७५/०७६ मा गर्नु पर्ने कानून व्यवस्था रहेको कुरा विधिवत नै छ । चालु आ.व. को सुरुवात पश्चात मात्र संघ तथा प्रदेशबाट विभिन्न कार्यक्रमका लागि समपुरक अनुदान प्राप्त भएको हुँदा उक्त रकम तथा सोको कार्यक्रमलाई बजेट तथा कार्यक्रम निर्माण प्रकृयामा समावेश गराउन नसकिएको र हालमा आएर उक्त बजेट तथा कार्यक्रमहरु प्राप्त भईसकेको र उक्त बजेट तथा कार्यक्रमलाई चालु आ.व. को बजेट तथा कार्यक्रममा समावेश गर्ने प्रस्ताव समेत यस सभामा पेश गर्दछु ।

घ. नगरपालिका तथा अन्तर्गतका कार्यालयहरुमा अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरुको अस्थायी तथा करार सेवा अवधि समाप्ति वा अवकाश पछि एकमुष्ठ रुपमा केही रकम सुविधाको रुपमा प्रदान गरी कर्मचारीलाई प्रोत्साहित गर्न, कर्मचारीको मनोबल उच्च राख्न तथा सेवा पछिको भविष्य सुनिश्चित गर्न कल्याणकारीकारी कोष स्थापना गर्न वाच्छनीय भएकाले चौतारा साँगाचोकगढी नगरपालिकाको कर्मचारी कल्याण्कारी कोष सञ्चालन विधेयक, २०७६ छलफल तथा स्वीकृतीका लागि पेश गर्दछु ।

***अध्यक्ष महोदय,***

चालु आर्थिक वर्षमा स्वीकृत भएका योजनाहरुलाई यथासिघ्र सम्पन्न गर्नमा सबैको सक्रिय भूमिकाको अपेक्षा समेत गरेको छु । यस अवधिमा पुँजीगत तर्फ झन्डै २०% र चालु तर्फ ३५% वित्तिय प्रगति भएको व्यहोरा यस गरिमामय सभामा पेश गर्न  चाहन्छु । विधेयक अधिवेसनको रुपमा रहेको यस अधिवेशनमा केहि विधेयकहरु र चालु आ.व. का कार्यक्रम संसोधन तथा केहि शिर्षकमा रकमान्तर गर्न आवश्यक भएकोले सो प्रस्ताव पेश गरिएको हो । हामीलाई संघबाट प्राप्त गर्ने समपुरक अनुदान अपेक्षाकृत रुपमा प्राप्त हुन नसकेकोले प्रस्तावित योजनाहरुलाई चालू आ.व. का विभिन्न शिर्षकमा विनियोजन गरिएको रकमबाट उक्त आयोजनाहरु संचालन गर्नुपर्ने भएकोले सो मा आवश्यक छलफल तथा स्वीकृतीका लागि यस गरिमामय सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. यस आ.व. मा संघसँग समपूरकको कार्यक्रमको लागि यस नगरपालिकाको मिति २०७६/०३/२३ मा भएको छैठौं नगरसभाबाट प्रस्ताव गरिएका देहाय बमोजिमका सडकहरुमा यस नगरपालिकाबाट ५० लाख र संघ सरकारसँग ५० लाखका दरले यस नगरपालिकाबाट २ करोड र संघबाट २ करोड गरी रु. ४ करोडको समपूरक कार्यक्रम प्रस्ताव गरिएकोमा मेलचौर-कल्लेरी-आरुबोटे सडकको लागि रु. ४० लाखको अख्तियारी प्राप्त भएको र सो बाहेक अन्य सडकहरुमा बजेट नपरेको हुँदा यस नगरपालिकाको नगर गौरव योजनाको रु. ३ करोड मध्येबाट २ करोड ६० लाख समपूरकको देहाय बमोजिमका योजना र जल्कीने - जितपुर - भैसे कदमबास सडक स्तरोन्नती मा देहाय बमोजिम रकम व्यवस्था गरी समपूरकका चार वटै सडकहरुलाई रु. १ करोडका दरले बजेट बाँडफाँड गरी नगर कार्यपालिकाको कार्यालयबाट अगाडि बढाइएको हुँदा अनुमोदनको लागि पेश गर्दछु । यसको विवरण अनुसूची १ मा संलग्न छ ।

२. राष्ट्रिय योजना आयोगको सूचना तथा संघ सरकारको स्वीकृत समपूरक अनुदान सम्बन्धी ऐन अनुसार रु. ५ करोड सम्मका समपूरकका कार्यक्रम प्रस्ताव गरी पठाउन पाइने व्यवस्था अनुसार जल्केनी-कुण्डला सडक स्तरोन्नती (वडा नं. १३) र साँगाचोक-डडुवा सडक स्तरोन्नती (वडा नं. १४) समेत प्रस्ताव गरी पठाइएकोमा दुवै सडकहरुको लागि ६० लाखका दरले संघबाट समपूरक योजनामा परी बजेट अख्तियारी समेत प्राप्त भएको हुँदा उक्त सडकहरुको लागि समपूरक बजेट व्यवस्था गर्न आवश्यक भएको छ । त्यस्तैगरी चौतारा-दारेगौडा-पानीट्याङ्की पदमार्ग र भ्यु टावर निर्माण (वडा नं. ५ र ६) को लागि नगरसभाबाट रु. १ करोड बजेट विनियोजन भएकोमा सो योजनाको विस्तृत आयोजना प्रतिवेदन (DPR) निर्माणको अन्तिम चरणमा रहेको प्रतिवेदन अनुसार करिब ४ करोडभन्दा बढी लागत स्टीमेट प्राप्त भएको हुँदा यस आ.व. मा २ करोड बराबरको कार्यको भुक्तानी र बाँकी रकमको भुक्तानी आगामी आ.व. मा गर्ने गरी १ वर्ष भित्र योजना सम्पन्न गर्न नगरसभाबाट विनियोजन भएको रकममा मेयर पूर्वाधार कार्यक्रमबाट १ करोड रुपैंया थप गरी यस आ.व. मा २ करोड र बाँकी रकम आगामी आ.व. मा बजेट व्यवस्था गर्ने गरी स्वीकृत DPR बमोजिमको लागत स्टीमेट अनुसार बहुवर्षिय ठेक्का लगाउनको लागि यस आ.व. मा नगरसभाबाट स्वीकृत भएको मेयर पूर्वाधार कार्यक्रममा विनियोजन भएको रु. २ करोड ८० लाख मध्येबाट देहाय बमोजिमको योजनाहरुमा २ करोड २० लाख रुपैंया बजेट विनियोजन गरी अगाडि बढाइएको कार्य अनुमोदनको लागि पेश गर्दछु । यसको विवरण अनुसूची २ मा संलग्न गरेको छु ।

३. यस नगरपालिकाको भवन हाल निर्माणधिन अवस्थामा रहेको छ । बजेटको अभावको कारण २ तला र कम्पाउण्ड र परिषरको कार्यको लागि हाल रु. ३६,७०१,५२१.०९ (भ्याट सहित) ठेक्का लगाई निर्माण कार्य भई रहेको छ । नगर कार्यपालिकाको कार्यालयको मेयर, उप-मेयर, प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्ष र सबै शाखाहरुको लागि आवश्यक कार्यकक्ष तथा बैठक कक्ष, सूचना कक्ष, सभाहल, पुस्तकालय समेत आवश्यक हुने हुँदा १ तला थप गर्न आवश्यक देखिएकोले गत आ.व. २०७५/०७६ मा बाँकी रहेको रकम मध्येबाट नगरपालिकाको भवनको १ तला थप गर्न २ करोड रुपैंया स्वीकृतीको बजेट तथा कार्यक्रम स्वीकृतीका लागि पेश गर्दछु ।

४. लागत सहभागिता (स्थानीय संघसंस्था तथा उपभोक्ता/टोल विकास समितिसंग) को बजेट कार्यान्वयन सम्बन्धमा यस शिर्षकमा रु. २ करोड विनियोजन भएको छ । सबै वडाहरुलाई नगरपालिकाले व्यहोर्ने बजेट मध्येको रु. १० लाखका दरले (कुल लागतका ७० प्रतिशत नगरपालिका र ३० प्रतिशत उपभोक्ता समितिबाट व्यहोर्ने गरी) एउटा योजनामा १ लाख भन्दा सानो योजना नहुने गरी पूर्वाधार तर्फका कार्यक्रमहरु टोल विकास समितिबाट कार्यान्वयन गर्ने गरी सिफारिस गरी पठाउने गरी १ करोड ४० लाख विनियोजन गर्ने र बाँकी ६० लाख बजेट नगरपालिकामा प्राप्त हुने मागको आधारमा नगर प्रमुखबाट निर्णय गरि बजेट बाँडफाँड गरी अगाडि बढाउन नगर कार्यपालिकाबाट भएको निर्णय यस नगर सभामा स्वीकृतीको लागि पेश गर्दछु ।

५. लामो अवधि सेवा गरेका शिक्षकहरुलाई गोल्डेन ह्याण्डसेक सम्बन्धमा यस चौतारा साँगचोकगढी नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा लामो अवधिसम्म सेवा गरेका स्थायी शिक्षकहरुले राजीनामा दिई अवकाश लिए वापत आ.व. २०७६/०७७ मा यस नगरपालिकाको बजेट तथा कार्यक्रममा गोल्डेन ह्याण्डसेकको व्यवस्था गरी बाँकी सेवा अवधि अनुसार रकम दिने भनी जम्मा रु. ५ लाख व्यवस्था गरिएकोमा निवेदन माग गर्दा राजीनामा सहित जम्मा ११ जना शिक्षकहरुले निवेदन पेश गरेको र सबै शिक्षकहरुको ३ वर्ष भन्दा बढी अवधि बाँकी भएको देखिन आएकोले प्रति शिक्षक रु. १५०,००० (रु. एक लाख पचास हजार मात्र) का दरले गोल्डेन ह्याण्डसेक वापत जम्मा रु. १६,५०,००० दिनु पर्नेमा रु. ५,००,००० बजेट शिर्षकमा छुट्याइएको र बाँकी रु. ११,५०,००० रकमको व्यवस्थाको लागि गत आ.व. को अल्या भएको बजेट मध्येबाट भुक्तानी दिन स्वीकृतीको लागि पेश गर्दछु ।

६. नगरपालिकाको आवधिक योजना निर्माण सम्बन्धमा यस नगरपालिकाको लघुउद्यम तथा  घरेलु  द्योगको आवधिक योजनाको मस्यौदा तयार भएको, कृषि तथा भेट्नरी सम्बन्धी रणनीतिक योजना तयार  भएको र पर्यटन गुरुयोजना निर्माणको लागि सम्झौता भएको अवस्था छ । सहरी विकास तथा भवन निर्माण विभागबाट नगरपालिकाको एकिकृत सहरी विकास रणनीति तयार गर्ने प्रकृयामा रहेको अवस्था छ । नगरपालिकाको आवधिक तथा दीर्घकालीन योजना बनाई दीर्घकालीन विकासको ठोस मार्ग तयार गरी नगरपालिकाको श्रोत र साधनलाई योजना तथा कार्यक्रममा व्यवस्थित रुपमा परिचालन गर्न, प्राथमिकताको क्षेत्रहरु तोक्न आवधिक तथा दीर्घकालीन योजना निर्माण गर्न अति आवश्यक देखिएको हुँदा यस आ.व. को बजेट विभिन्न नगर योजनाको DPR तयार शिर्षकमा रु. ६० लाख विनियोजन गरिएकोमा सो मध्येबाट भूकम्प स्मृति पार्कको प्रारम्भिक वातावरणीय अध्ययनमा रु. ५ लाख र चौताराको दुरसञ्चार कार्यालय अगाडि देखि दाह्रेगौडा भिर हुँदै पानीट्याण्की जाने सिडीँ मार्गको DPR तयारको लागि रु. ५ लाख गरी जम्मा १० लाखको सम्झौता भई कार्य अगाडि बढेको हुँदा सो बाहेकको रु. ५० लाख रकमको कार्यक्रम संसोधन गरी आवधिक तथा दीर्घकालीन नगर गुरु योजना निर्माण शिर्षकमा परिवर्तन गर्न स्वीकृतीको लागि पेश गर्दछु ।

७. योजना तथा कार्यक्रम संसोधन र रकमान्तर सम्बन्धमा देहाय बमोजिमका योजना तथा कार्यक्रम र बजेटलाई सम्बन्धित वडाको वडा समितिको सिफारिस र मागको आवश्यकता र औचित्यको आधारमा देहाय बमोजिमको योजना तथा कार्यक्रमहरुको संशोधन तथा रकमान्तर माग भई आएकोले स्वीकृतीको लागि पेश गर्दछु । यसको विवरण अनुसूची ३ मा संलग्न छ ।

८. सुनकोशी तथा इन्द्रावती नदी प्रभावित क्षेत्रको बजेट बाँडफाँड सम्बन्धमा स्वीकृत योजना तथा कार्यक्रममा सुनकोशी इन्द्रावती नदी तथा सडक प्रभावित क्षेत्र कार्यक्रममा १ करोड ३० लाख रुपैंया बजेट विनियोजन भएको छ । यसरी सुनकोशी तथा इन्द्रावतीको नदी तथा सडक प्रभावित क्षेत्रमा यस नगरपालिकाको वडा नं. ९, १०, ११, १२ र १४ गरी ५ वटा वडाहरु रहेका छन् । यस आ.व. मा स्वीकृत भएको रु. १ करोड ३० लाख मध्येबाट देहाय बमोजिमको रकम वाँडफाँड गर्ने र वाँडफाँड भएको रकमलाई सम्बन्धित वडा समितिले निर्णय गरी २ लाख भन्दा सानो योजना नहुने गरी योजना तथा कार्यक्रम बनाई सम्बन्धित वडा कार्यालयले नगरपालिकामा पेश गर्ने र नगर कार्यपालिकाबाट कार्यक्रम स्वीकृत भएपछि टोल विकास समिति मार्फत् कार्यान्वयन गर्न स्वीकृतीको लागि पेश गर्दछु । यसको विवरण अनुसूची ४ मा संलग्न छ ।

**अध्यक्ष महोदय एवं नगरसभा सदस्य ज्यूहरु,**

**"चौतारा साँगाचोकगढी नगरपालिकाको समृद्धिको आधार- कृषि, शिक्षा, पर्यटन र पूर्वाधार"** भन्ने नारालाई मुलमन्त्र मानेर नगरपालिकाको नीति योजना तथा कार्यक्रमहरु प्रस्ताव गरी संचालन गर्दै आएको व्यहोरा सबैमा विधिवत नै छ । सोही अनुरुप आज हामी चालू आ.व. का बाँकी कार्यक्रमहरुलाई समयमा नै सम्पन्न गर्नमा सबैको सक्रिय सहभागिताको अपेक्षा गरिएको छ । संघ, प्रदेश र विभिन्न विकासका साझेदार संघ संस्थाहरुसँग समन्वय, सहकार्य तथा साझेदारीमा नगरपालिकाले विकास निर्माणबाट प्रतिफल प्राप्त हुने गरी नेतृत्वदायी भूमिका निर्वाह गरेको कुरा यो सम्मानित सभामा राख्न पाउँदा अत्यन्त खुसी लागेको छ । हामीलाई प्राप्त स्रोत र साधनलाई समन्यायिक दृष्टिकोणबाट संचालन गर्ने प्रयत्न गरिरहेको व्यहोरा यस यस सभामा निवेदन गर्दछु । आगामी दिनमा योजनाको छनौट गर्दा अधिकतम प्रतिफल प्राप्त गर्ने खालका योजना छनौट गर्ने, पछाडी परेको क्षेत्र तथा वर्गलाई उच्च प्राथमिकता दिई कार्यक्रम संचालन गर्ने र विकास साझेदारहरुसँग सहकार्य र समन्वयलाई प्रभावकारी रुपमा अगाडि बढाउन आवश्यक देखिएको व्यहोरा यस गरिमामय सभामा राख्न चाहन्छु ।

अन्त्यमा माथि उल्लेखित विधेयक तथा कार्यक्रम संसोधन एवं रकमान्तर सम्बन्धमा आवश्यक छलफल तथा स्वीकृतीका लागि यस सभामा प्रस्तुत गर्न चाहन्छु । धन्यवाद !

# अनुसूची १

| सि.नं. | योजनाको नाम | नगरपालिकाको तर्फबाट विनियोजन भएको समपूरक बजेट (रु. हजारमा) | संघबाट स्वीकृत भएको समपूरक बजेट (रु. हजारमा) | नगर गौरव योजना रु. ३ करोडमध्ये बाट विनियोजन भएको रकम (रु. हजारमा) | जम्मा बजेट (रु. हजारमा) |
|---|---|---|---|---|---|
| १. | चिहानडाँडा-सिम्पानी-ठकुरीमोड-बलेफी सडक (वडा नं. ४) | ५००० | - | ५००० | १०००० |
| २. | भन्ज्याङ-छोटेडाँडा-नुनचौर-सडक स्तरोन्नती (वडा नं. १२) | ५००० | - | ५००० | १०००० |
| ३. | मेलचौर-कल्लेरी-आरुबोटे सडक स्तरोन्नती (वडा नं. ७) | ५००० | ४००० | १००० | १०००० |
| ४. | कुविण्डेखोला-किटिनी-गैरीगाउँ सडक (वडा नं. ३) | ५००० | - | ५००० | १०००० |
| ५. | जल्कीने - जितपुर - भैसे कदमबास सडक स्तरोन्नती | | | १०००० | १०००० |
| जम्मा | | २०००० | ४००० | २६००० | ५०००० |

# अनुसूची २

| सि.नं. | योजनाको नाम | मेयर पुर्वाधार कार्यक्रमबाट विनियोजन भएको बजेट (रु. हजारमा) | संघबाट स्वीकृत भएको समपूरक बजेट (रु. हजारमा) | नगरसभाबाट विनियोजन भएको रकम (रु. हजारमा) | जम्मा बजेट (रु. हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | जल्केनी-कुण्डला सडक स्तरोन्नती (वडा नं. १३) | ६००० | ६००० | - | १२००० | संघसँगको समपूरक |
| २. | साँगाचोक-डडुवा सडक स्तरोन्नती (वडा नं. १४) | ६००० | ६००० | - | १२००० | संघसँगको समपूरक |
| ३. | चौतारा-दारेगौडा-पानीट्याङ्की पदमार्ग र भ्यु टावर निर्माण ( वडा नं. ५ र ६) | १०००० | - | १०००० | २०००० | - |
| जम्मा | | २२००० | १२००० | १०००० | ४४०००० | |

# अनुसूची ३

## योजना रकमान्तर तथा कार्यक्रम संसोधन

<table>
<tr><th>क्र. सं.</th><th>रकमान्तर हुनु अधिको शिर्षक</th><th>रकम</th><th>रकमान्तर पछिको शिर्षक</th><th>वडा तथा नगरबाट निर्णय मिति</th><th>वडा नं.</th><th>विनियोजित रकम</th><th>रकमान्तर भई बाँकी हुन आउने बजेट</th></tr>
<tr><td>१.</td><td>कोटडाँडा चर्चको लागि फर्निचर खरिद (कोटडाँडा)</td><td>१००,०००।००</td><td>कोटडाँडा चर्चको लागि फलामे ट्रस</td><td>२०७६।०७।१९</td><td>१३</td><td>१००,०००।००</td><td></td></tr>
<tr><td>२.</td><td>स्वास्थ्य तर्फ गर्भवती महिला एवंम स्वास्थ्य चौकी र शहरी स्वास्थ्य चौकी व्यवस्थापन</td><td>३००,०००।००</td><td>अनुदान</td><td>२०७६।०९।०१</td><td>७</td><td>३००,०००।००</td><td></td></tr>
<tr><td rowspan="4">३.</td><td rowspan="4">वडा समितिबाट  निर्णय गरि कार्यान्वयन गर्ने विविध भौतिक पूर्वाधारका योजनाहरु</td><td rowspan="4">१,२५०,०००।००</td><td>छाप आहाल डाँडा ट्रस निर्माण</td><td rowspan="4">२०७६।०९।१७</td><td rowspan="4">७</td><td>३५०,०००।००</td><td></td></tr>
<tr><td>चिसो पानी खानेपानी योजना</td><td>१५०,०००।००</td><td></td></tr>
<tr><td>मेलचौर पोखरे कृषि सडक मर्मत संम्भार</td><td>२००,०००।००</td><td></td></tr>
<tr><td>वडाको विविध कार्यक्रममा खर्च</td><td>५५०,०००।००</td><td></td></tr>
<tr><td>४.</td><td>लावु खानेपानी लिफट</td><td>१०,००,०००।००</td><td>नारायणथान परिसरमा सामुदायिक भवन (ट्रस्ट) निर्माण</td><td>२०७६।०९।०३</td><td>५</td><td>१०,००,०००।००</td><td></td></tr>
<tr><td>५.</td><td>जामुने वेसी सिंचाई</td><td>३००,०००।००</td><td>जामुने डाँडा सामुदायिक भवन</td><td>२०७६।०९।२७</td><td>४</td><td>३००,०००।००</td><td></td></tr>
<tr><td>६.</td><td>देउराली सिरान टोल मुहान मर्मत</td><td>१००,०००।००</td><td>धानचेत देउराली खानेपानी मर्मत</td><td>२०७६।०९।२७</td><td>४</td><td>१००,०००।००</td><td></td></tr>
<tr><td>७.</td><td>युवा तथा स्वरोजगार कार्यक्रम</td><td>२००,०००।००</td><td>कृषि औजार (हाते ट्याक्टर खरिद)</td><td>२०७६।०९।२७</td><td>४</td><td>२००,०००।००</td><td></td></tr>
</table>

| क्र. सं. | रकमान्तर हुनु अघिको शिर्षक | रकम | रकमान्तर पछिको शिर्षक | वडा तथा नगरबाट निर्णय मिति | वडा नं. | विनियोजित रकम | रकमान्तर भई बाँकी हुन आउने बजेट |
|---|---|---|---|---|---|---|---|
| ८. | साझेदारी कार्यक्रम | ४००,०००।०० | शेरा अशोकथान वाटो मर्मत | २०७६।०८।०३ | २ | २००,०००।०० | |
| | | | बतासे आधारभूत विद्यालयको कार्यालय सहयोगीको तलब तथा शौचालय निर्माण | २०७६।०८।०३ | २ | १००,०००।०० | |
| | | | कालिका देवी मन्दिर निर्माण | २०७६।०८।०३ | २ | १००,०००।०० | |
| ९. | खानेपानी तर्फ खाले गैरे टोल खानेपानी योजना | २००,०००।०० | खाले लहरे डाँडाटोल मोटरबाटो स्तरोन्नती | २०७६।०९।२१ | ३ | २००,०००।०० | |
| १०. | साङक्पा हिपे गोन्पा गुम्बा | २००,०००।०० | छुर्तेन गुम्बा निर्माण | २०७६।०९।२१ | ३ | २००,०००।०० | |

| क्र. सं. | रकमान्तर हुनु अघिको शिर्षक | रकम | रकमान्तर पछिको शिर्षक | वडा तथा नगरबाट निर्णय मिति | वडा नं. | विनियोजित रकम | रकमान्तर भई बाँकी हुन आउने बजेट |
|---|---|---|---|---|---|---|---|
| ११. | स्वास्थ्य तथा जनसंङख्या शिर्षक अर्न्तगत बतासेस्वास्थ्य चौकी भवन निर्माण | ३,०००,०००।०० | ग्रैहीगाउँ ढुंगाँनाडाँडा सडक स्तरोन्नती | २०७६।०९।२१ | ३ | ५००,०००।०० | |
| | | | आय आर्जनको लागि तान वितरण कार्यक्रम | २०७६।०९।२१ | ३ | ३००,०००।०० | |
| १२. | | | खाले महभिर नयाँ ट्र्याक तथा स्तरोन्नती | २०७६।०९।२१ | ३ | १,७००,०००।०० | |
| | | | खाले लहरे डाँडाटोल मोटरबाटो स्तरोन्नती | २०७६।०९।२१ | ३ | १००,०००।०० | |
| | | | बासबोटे,निमोडे माथिल्लो सिचाई कुलो मर्मत | २०७६।०९।२१ | ३ | १००,०००।०० | |
| | | | बेसरी किटिनी खानेपानी | २०७६।०९।२१ | ३ | १००,०००।०० | |
| | | | माझ टोल खानेपानी | २०७६।०९।२१ | ३ | १००,०००।०० | |
| | | | भुवाँगाउ धार निर्माण | २०७६।०९।२१ | ३ | १००,०००।०० | |
| १३. | वडा स्तरीय योजना तथा कार्यक्रम अनुगमन तथा मूल्यांकन | २००,०००।०० | नमुना विद्यालयहरुको अध्ययन अवलोकन | २०७६।०९।२१ | १० | १००,०००।०० | १००,०००।०० |

| क्र. सं. | रकमान्तर हुनु अघिको शिर्षक | रकम | रकमान्तर पछिको शिर्षक | वडा तथा नगरबाट निर्णय मिति | वडा नं. | विनियोजित रकम | रकमान्तर भई बाँकी हुन आउने बजेट |
|---|---|---|---|---|---|---|---|
| १४. | वडास्तरीय खानेपानी | ३००,०००।०० | रानिटार वरको वोट मुनि लिफ्टखानेपानी | २०७६।०९।०२ | १४ | ३००,०००।०० | |
| १५. | युवा स्वरोजगार | २००,०००।०० | छाप रानिटार सडकमा | २०७६।०९।०२ | १४ | २००,०००।०० | |
| १६. | लक्षित वर्गको कार्यक्रम ( आया आर्जन तालिम र अनुदान व्यवसायिक शिर्षक रकम कार्यक्रम संसोधन) | १,०००,०००।- | सडक स्तरोन्नती | २०७६/१०/२० | ६ | १,०००,०००।- | |
| १७. | मैनवती उत्पादन शिर्षकबाट | ५०,०००।- | स्काउट टुपलाई (अनुदान) | २०७६/१०/२० | ७ | ५००००।- | |
| १८. | सिन्केधुप उत्पादन तालिमबाट | ५०,०००।- | तेक्वान्दो डोजाङ्ग (अनुदान) | २०७६/१०/२० | ७ | ५०,०००।- | |
| १९. | महिला सिलाई बुनाई पुनर्ताजगी तालिम | ५०,०००।- | महिलालाई व्यटिपार्लर तालिम (१० जनालाई) | २०७६/१०/२० | ७ | १,५०,०००।- | |
| २०. | व्यवसायिक तरकारी खेती तालिम कार्यक्रम | १,००,०००।- | | | | | |
| २१. | सीता महादेवस्थान,ढकढके,मागसांग कामिघर डाँडा जोड्ने सडक र क्यामसांग हुँदै ट्यांकीडाँडा जोड्ने सडक निर्माण | १,०५०,०००।०० | सडक स्तरोन्नती | २०७६।१०।२० | ६ | १५०,०००।०० | ९,००,०००।– |

| क्र. सं. | रकमान्तर हुनु अघिको शिर्षक | रकम | रकमान्तर पछिको शिर्षक | वडा तथा नगरबाट निर्णय मिति | वडा नं. | विनियोजित रकम | रकमान्तर भई बाँकी हुन आउने बजेट |
|---|---|---|---|---|---|---|---|
| २२. | सहकारी : वडा भित्रका सहकारीहरुलाई कापोमास सफ्टवेयर तालिम संचालन | १,००,०००।- | सहकारी व्यवस्थापन तालिम संचालन | २०७६।१०।२० | १३ | १,००,०००।- | |
| २३. | बलेफी लप्से गोर्सु कृषि सडक उपभोक्ता समितिसँग लागत सहभागिता | ६०००००।- | बलेफी लप्से गोर्सू सडक निर्माण | २०७६/१०/२० | ९ | ६०००००।- | |
| २४. | भैँसीपालन कार्यक्रम अनुदान ( भैसी खरिद गर्न रु. ३,००,००० को दरले अनुदान सहयोग) | ९,००,०००।- | बाखापालन तथा कुखुरापालन अनुदान कार्यक्रम तथा विभिन्न व्यवसायिक कृषि फर्मलाई अनुदान | २०७६/१०/२० | १४ | ३,३०,०००।- | ५,७०,०००।- |
| २५. | नगर स्तरीय विविध योजना | २०,०००,०००।- | राजेन्द्र रानामगर स्मृति प्रतिष्ठान एम्बुलेन्स (शव बहान) खरिद अनुदान | २०७६/१०/२० | १४ वटै | ३,२९,४८२।— | १९६७०५१८।- |
| २६. | अपाङ्ग कपाल काट्ने योजना | ५०,०००।- | खत्रीथोक सामुदायिक भवन रङ्गरोगन | २०७६/१०/१९ | १० | ५०,०००।- | |
| २७. | झोला उत्पादन गर्ने उद्यमीहरुको लागि पुर्नताजकी तालिम | २,५०,०००।- | विविध शिर्षक (सुकुटे महोत्सव सहित) | २०७६/१०/१९ | १० | १,००,०००।- | १,५०,०००।- |

# अनुसूची ४

| सि.नं. | वडा नं. | बजेट रकम |
|---|---|---|
| १. | ९ | २०१५००० |
| २. | १० | २०१५००० |
| ३. | ११ | ४९४०००० |
| ४. | १२ | २०१५००० |
| ५. | १४ | २०१५००० |
| **जम्मा** | | १३०००००० |